**नियमहरु:-**

१. बैण्ड लैजान र ल्याउन निवेदकले अनिवार्य सवारी साधनको व्यवस्था मिलाई तोकिएको समयमा बैण्ड फिर्ता पुऱ्याई सक्नु पर्ने छ।

२. पूरा बैण्ड (११जना) को ३ घण्टाको रू. २५,०००।–(पच्चिस हजार),६ घण्टाको रू. ४५,०००।–(पैतालिस हजार) र ९ घण्टाको रू. ६०,०००।–(साठी हजार) एवं आधा बैण्ड (७ जना) को ३ घण्टाको रू २०,०००।–(बिस हजार), ६ घण्टाको रू. ३०,०००।–(तिस हजार) र ९ घण्टाको रू. ४५,०००।– (पैत्तालिस हजार) शुल्क लाग्नेछ ।

३. बैण्ड टोली बुक गर्नका लागि रु. १०,०००।– (दश हजार) अग्रिम भुक्तानी गर्नु पर्नेछ।

४. निवेदकबाट कुनै कारणवश बैण्ड खटिने मिति र समय संशोधन गर्नु परेमा कम्तिमा पन्ध्र (१५) दिन अघि नै सूचना दिनु पर्नेछ।

५. निवेदकले संशोधन गर्न खोजेको समयमा बैण्ड टोलीहरू खटाउन नसकिने अवस्थामा नेपाल प्रहरी सङ्गित विद्यालयले बैण्ड टोली खटाउन बाध्य हुने छैन र संशोधित समयमा बैण्ड खटाउन नसकेमा अग्रिम भुक्तानी रकम फिर्ता हुने छैन।

६. बैण्ड रद्द गर्नको लागि लिखित सूचना गरेको समयका आधारमा बैण्डको लागि बुझाएको शुल्कको २५%, ५०%, ७५% वा पूरै शुल्क काटिने छ। तर कट्टा हुने रकम अग्रीम भुक्तानी रकम भन्दा कम भएमा अग्रीम भुक्तानी बराबरको रकम कट्टा हुनेछ।

७. खटिने समयको २४ घण्टा भित्र बैण्ड टोली रद्द गरेको सूचना दिएमा बैण्ड शुल्क फिर्ता हुने छैन।

८. कुनै शर्त राखिएको निवेदन, पूर्ण विवरण नभरिएको फारम र अग्रिम भुक्तानी रकम जम्मा गरेको भौचर संलग्न नगरिएको निवेदन स्वीकार्य हुनेछैन।

९. बैण्ड टोली खटाउदा बाहालवाला प्रहरी कर्मचारी, अवकास प्राप्त र पूर्व प्रहरी कर्मचारीहरूलाई प्रथामिकता दिईनेछ। अन्यको हकमा निवेदनको क्रम अनुसार पहिला निवेदन दिने निवेदकलाई प्राथमिकतामा राखि बैण्ड टोली खटाईनेछ।

१०. बैण्ड रद्द गर्दा तोकिए बमोजिमको फिर्ता लिनु पर्ने अग्रिम भुक्तानी रकम वा सेवा शुल्क एक (१) महिना भित्र फिर्ता नलिएमा उक्त रकम फिर्ता हुने छैन।